राप्ती सोनारी गाउपालिका
गाउँ कार्यपालिकाको कार्यालय

अगैया, बाँके
५ नं. प्रदेश नेपाल

प.सं. :- ०७४/०७५
च.नं. ५३८

# प्रस्ताव माग गरियको सूचना

**(प्रथम पटक प्रकाशित मिति :२०७४/१२/२१)**

यस राप्ती सोनारी गाउपालिकाको बस्तुगत विवरण ( घर धूरी तथ्याङ्क सहितको विवरण को भेलेज प्रोफायल ) तयार गर्नु पर्ने भएकोले इच्छुक फर्म/कम्पनी/संस्थाले देहाय बमोजिम शर्तको अधिनमा रही यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र यस गाउँपालिकामा शिलबन्दी प्रस्ताव पत्र पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरु

- यस गाउपालिकाबाट तयार गरियको प्रस्तावना ढाँचामा प्रस्तावना तयार गरी संस्थाको लेखपरिक्षण प्रतिवेदन र नवीकरण भएको संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि, मूल्यअभिबृधि कर दर्ताको प्रतिलिपि सहित प्रस्तावना पेश गर्नु पर्नेछ ।
- यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र प्रस्तावना पत्र खरिद गरि १६ औं दिनको १२ बजे सम्म कार्यालयमा प्रस्ताव पत्र दर्ता गराई सक्नु पर्ने छ । प्रस्ताव पत्र खरिद गरि सक्नु पर्ने अन्तिम दिन विदा परेमा विदा पछि कार्यालय खुल्ने दिनको कार्यालय समयभित्र प्रस्तावना खरिद गरि सो को भोली पल्ट १२ बजे भित्र प्रस्ताव पत्र दर्ता गराइसक्नुपर्नेछ र सोही दिनको २ बजे मूल्याङ्कन समिति र प्रस्तावदाता वा प्रतिनिधिको रोहवरमा प्रस्ताव पत्र खोलिने छ । प्रस्तावदाता वा प्रतिनिधि अनुपस्थित भएमा पनी प्रस्ताव पत्र खोलनमा कुनै बाधा पर्ने छैन ।
- रु ५०० शुल्क जम्मा गरी गाउँ कार्यपालिकाको कार्यालयबाट प्रस्ताव पत्र प्राप्त गर्न सकिनेछ ।
- आधुनिक प्रविधिको प्रयोगबाट तथ्याङ्क संकलन तथा एक्यूरेशी को अनुभव भएको हुनु पर्ने छ ।
- तथ्याङ्क संकलन, विश्लेषण तथा प्रतिवेदनमा कम्तमि १० वर्षको अनुभव भएको परामर्शदाता फर्म संग आवद्ध हुनु पर्ने छ ।
- मन्त्रालय स्तर सम्म्को कामको अनुभव भएको फर्मलाई विशेष ग्रह्यता दिइने छ ।
- शर्त राखी प्रस्तावना पेश गर्न पाईने छैन । कुनै शर्त राखी पेश गरिएको प्रस्तावना मूल्यांकनमा स्वतः अयोग्य ठहरर्नेछ ।
- प्रस्तावनामा उल्लेखित कृयाकलापहरुको लागत दररेट खुलाउँदा अंक र अक्षर दुबैमा स्पष्ट खुलाउनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको दररेट मान्य हुनेछ । दररेट केरमेट भएमा त्यसमा प्रस्तावकले दस्तखत गरी संस्थाको छाप लगाउनु पर्नेछ ।
- शिलबन्दी प्रस्ताव पत्रको कागजात पेश गर्दा खाममा स्पष्ट कार्यालयको नाम, कामको विवरण तथा शिलबन्दी प्रस्ताव पत्रदाताको नाम र ठेगाना प्रष्ट लेखिएको हुनु पर्ने छ ।
- गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता भएका प्रस्तावहरु स्वीकृत गर्ने वा नगर्ने वा आंशिक मात्र गर्ने सम्बन्धी सम्पुर्ण अधिकार गाउँपालिकामा सुरक्षित रहने छ ।
- प्रस्ताव पत्रको मूल्याङ्कन कार्यालयले तयार गरेको नम्सको आधारमा गरिने छ ।

२०७४।१२।२०

भरत कुमार मल्ल
कार्यकारी अधिकृत